# दलित महिलाहरूको विद्यमान अबस्थाको समाजशास्त्रीय अध्ययन

## सेतीदोभान, स्याङ्जा

**त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत**

**पृथ्वीनारायण बहुमुखी क्याम्पस, समाजशास्त्र/मानवशास्त्र विभाग**

**स्नातकोत्तर तह द्वितीय वर्षको आठौं पत्रको**

**प्रयोजनका लागि**

**प्रस्तुत**

## शोध-पत्र


**शोधार्थी**

**आशा विश्वकर्मा**

**रोल नं. :२१३/०६४**

**रजिष्ट्रेसन नं. ९-२-४८-३०८४-२००२**


**पोखरा, २०७०**

दलित महिलाहरूको विद्यमान अबस्थाको समाजशास्त्रीय अध्ययन, **सेतीदोभान, स्याङ्जा** ***शोधार्थी: आशा विश्वकर्मा*** **२०७०**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र मानवशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधिको आंशिक आवश्यकता परिपूर्तिका निम्ति छात्रा आशा विश्वकर्माले **"दलित महिलाहरूको विद्यमान अवस्थाको समाजशास्त्रीय अध्ययन"** विषयमा मेरो निर्देशन र सुपरीवेक्षणमा यो शोधपत्र तयार पार्नु भएको छ । धेरै मेहनतपूर्वक तयार पारिएकोले उहाँको कार्यप्रति म पूर्ण रूपमा सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७०।०९।०५

...............................

(शुक्रराज अधिकारी)

शोध निर्देशक

**समाजशास्त्र/मानवशास्त्र विभाग**

**पृथ्वीनारायण बहुमुखी क्याम्पस,पोखरा**

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, समाजशास्त्र मानवशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, पोखराअन्तर्गत समाजशास्त्र मानवशास्त्र विषयको स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी आशा विश्वकर्माले दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि यस विभागमा प्रस्तुत गर्नु भएको **"दलित महिलाहरूको विद्यमान अवस्थाको समाजशास्त्रीय अध्ययन"** आएको परिवर्तन शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

| **क्र.सं. पद** | **नाम** | **हस्ताक्षर** |
|---|---|---|
| १. विभागीय प्रमुख | शान्ति भुषाल | ......................... |
| २. वाह्य परिक्षक | डा.लेखनाथ भट्टराई | ......................... |
| ३. शोध निर्देशक | शुक्रराज अधिकारी | ......................... |

**मिति : २०७०/०९/०५**

# कृतज्ञताज्ञापन

नेपाल बहुजातिय, बहुभाषिक,वहुधार्मिक र बहुसांस्कृतिक मुलुक हो । यहाँ विभिन्न जातजातिको बसोबास रहेको छ । त्यस्तै दलित जाती पनि एक हो । यहाँका सवै जातिले राज्यका सेवा सुविधाको समान रूपले उपभोग गर्न नसकिरहेको अवस्था छ । त्यसैले उनीहरूले गणतन्त्रको स्थापनासंगै समतामूलक समाजको निर्माण र जातीय उत्थानको नारालाई बढी जोड दिईरहेका छन्  तर पनि राज्यका विभिन्न भागमा बसोबास गर्ने विभिन्न जातजातिहरूको शैक्षिक, सामाजिक, आर्थिक, राजनीतिक अवस्था ज्यादै दयनीय छ । धरैजसो कार्यक्रमहरू शहरी क्षेत्रमा मात्र सीमित छन् गाउँसम्म पुग्दा चुहेर नाम मात्र पुगेको र त्यो पनि लक्षित समुदाय त झनै ओझेलमा परेको विद्यमान अवस्था छ यद्यपि यो परिपाटीलाई न्यूनीकरण गर्न नसकिरहेको अवस्था छ । त्यसकारण पनि शोधकार्यका लागी दलित महिलाहरूको विद्यमान अवस्थाको विश्लेषण गर्न आवश्यक देखी अध्ययन क्षेत्र स्याङ्जा जिल्लाको सेतीदोभान गा.वि.स.को दलितको घना वस्ती भएको सवैभन्दा ठूलो र सानो वडा ६ र ७ लाई छनोट गरिएको छ । यहाँ विभिन्न संघसंस्थाले काम गरेको अवस्था छ साथै यहाँका दलितहरूमा १० वर्षको अवधिमा धेरै परिवर्तन आएको छ । यसैकारण उक्त शीर्षक छनोट गरी उनीहरूमा आएको परिवर्तन र परिवर्तन आउनुका कारण विश्लेषण गर्ने सोच गरी यसलाई समाजशास्त्रीय अध्यायन गर्ने जमर्को गरेकी छु । अध्यायन गर्ने मेरो प्रयासलाई प्रत्यक्ष अप्रत्यक्ष सहयोग पुऱ्याउनुहुने पृथ्वीनारायण क्याम्पस, पोखारा, समाजशास्त्र तथा मानवशास्त्र विभागका सदस्य आदरणीय गुरु शुक्रराज आधिकारी अन्य आदरणीय गुरुहरू, कर्मचारीहरू, अग्रजहरू, सहकर्मी साथीहरू र व्यस्तताका वावजुद पनि आफ्ना कथा व्यथाहरू सुनाएर मलाई अतुलनीय सहयोग पुऱ्याउने आमा, दिदीवहिनीहरू र मेरा सम्पूर्ण शुभचिन्तकहरूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । उहाँहरूबाट प्राप्त सहयोगले नै यस शोधपत्रले यो स्वरूप प्राप्त गर्न सकेको हो ।

यस विषयमा खोजमुलक ढङ्गले अध्ययन गर्ने क्रममा विभिन्न विद्‌वान्‌हरूको सुझाव, सल्लाह र सहयोग मिलेको छ । शोधको विषय चयन देखि समुदायमा कसरी प्रस्तुत हुने, समाजमा कस्तो व्यावहार गर्ने, समाजमा कुन लेन्सको प्रयोग गरी हेर्दा अध्यायनको चुरो कुरो निकाल्न सकिन्छ । उत्तरदातासँग कस्तो सम्वन्ध राख्नु पर्छ कस्तो सम्बन्ध राख्दा यथार्थ कुरा निकाल्न सकिन्छ, कुन कुरामा आफू सचेत

हुनुपर्छ भन्ने जस्ता कुराहरू सिकाएर एउटा दृष्टि तयार गरिदिनुहुने मेरा गुरु शुक्रराज अधिकारीज्यूको सृजनात्मक मार्ग निर्देशनले मलाई उर्जामय दृष्टि मिलेको छ । वास्तवमा यो कृति जसरी एउटा छाप बोकेर आउन सफल भयो यसमा उहाँकै उर्जाशील छाप परेको छ ।

शोधकार्यको प्रारम्भिक अवस्था जुन शीर्षक चयनको अवस्थामा शीर्षकको बारेमा छलफल गरी शीर्षकलाई स्पेसिफिक बनाई सहयोग गर्नुहुने मेरा श्रद्धेय गुरु शुक्रराज अधिकारी र विभागीय प्रमुख शान्ति भुषालज्यू र सिङ्गो समाजशास्त्र तथा मानवशास्त्र विभागप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्क सङ्कलनका लागी घरदैलो भेटघाटको माध्यमबाट उल्लेख्य सहयोग पुऱ्याउनुहुने स्वयं सेविका दिदी माया नेपाली र सीता नेपाली बहिनी र सन्तोष सुनार भाइलाई धन्यवाद नदिइरहन सक्दिनँ ।

मलाई उच्च शिक्षा हासिल गराउने उद्देश्य राखेर दिनरात अथक परिश्रम गर्नुका साथै पढ्नुपर्छ भनेर सधैं हौसला दिने  मेरा पूज्यनीय आमा बुबाप्रति म सदैव ऋणी छु । प्रस्तुत शोध पत्र तयारीका क्रममा आवश्यक सामग्री जुटाएर सहयोग गर्नुहुने मेरी आत्मीय बहिनी कृष्ण गुरुङ्ग र अन्य  मित्रजनहरू जसले मलाई आवश्यक सहयोग, सुझाव सल्लाह दिएर सहयोग पुऱ्याउनु भयो उहाँहरूप्रति म हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

तयार पारिएको सोध पत्रलाई ठीक समयमा प्रिन्ट गरी सहयोग गर्ने क्विक कम्प्युटर सर्भिस एण्ड फोटोकपि हाउस, पोखरा -१, बगरप्रति पनि हार्दिक धन्यवाद दिन चाहान्छु ।

**मिति २०७०।०९।०५** **आशा विश्वकर्मा**

# शोधसार

शोधपत्र दलित महिलाहरूको सामाजिक अवस्थाको समाजशास्त्रीय अध्ययन हो । यो स्याङ्जा जिल्लाको सेतिदोभान गा.वि.स.वडा नं. ६ र ७ का २२ जना दलित महिलामा केन्द्रित रहेर गरिएको छ । दलित महिलालाई अगाडि बढाउनको लागि सरकारले नीति तय गरेको छ । विभिन्न गैरसरकारी संघ संस्थाहरूले पनि उनीहरूको हितको लागि धेरै पैसा खर्च गरिरहेका छन् । अझै पनि दलित महिलाहरू अन्य महिलाको तुलनामा धेरै पिछडिएका छन् । यो अवस्थामा यहाँका दलित महिलाहरूको सामाजिक अवस्थाको विश्लेषण गरी, उनीहरूमा आएको परिवर्तन र परिवर्तन आउनुका कारणहरू पत्ता लगाउने उद्देश्यले यो अनुसन्धान गरिएको छ । प्रस्तुत अनुसन्धानका मुख्य उद्देश्य निम्नानुसार रहेका छन् ।

दलित महिलाहरूमा आएको परिवर्तन र परिवर्तन आउनुका कारण साथै समाजमा के परिवर्तन आएको छ भन्ने यस अध्यायनको विषयवस्तु वनेको छ । मूलत : यस अध्ययनको मुख्य उद्देश्य दलित महिलाहरूको शिक्षा, सामाजिक, आर्थिक, धार्मिक साँस्कृतिक र राजनीतिक स्थितिमा आएको परिवर्तन र परिवर्तन आउनुका कारणहरूको हेर्ने । प्रस्तुत अध्ययनमा वर्णनात्मक तथा विश्लेषणत्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । स्याङ्गजा जिल्लाको सेतीदोभान गा.वि.स.को वडा नं. ६ र ७ का २२ वर्षदेखि ७५ वर्षसम्मका धनी, गरिव, शिक्षित आशिक्षित गरी जम्मा २२ जना दलित महिलाहरूका व्यक्तिगत अध्ययन विधि मार्फत तथ्याङ्कहरूको सङ्कलन गरिएको छ । उद्देश्य अनुसार गुणात्मक र संख्यात्मक तथ्याङ्कहरू संकलन गरिएको छ । अर्कोतर्फ सैद्धान्तिक व्यवस्थाको विश्लेषणको लागि प्राकृतिक लिङ्ग र सामाजिक लिङ्गको अवधारणा, सामाजिकीकरण र विश्वव्यापीकरण सिद्धान्तका साथै विभिन्न संस्थागत प्रयासहरूलाई विषय वस्तुको विश्लेषणको क्षेत्रमा राखिएको छ ।

प्रस्तुत अध्ययन क्षेत्रमा कम र बढी उमेर समूहका भन्दा बीचको उमेर समुहका वा व्यवहारिक जीवन जिइरहेका जिज्ञासु महिलाहरू बढी रहेको पाइयो । यहाँका सबै दलितहरू हिन्दू धर्मावलम्वी मात्र रहेको पाइयो । व्यक्तिगत अध्ययनका महिलाहरू २ जना स्नातक तह अध्ययन गर्दै गरेका, १ जना ११ पढेका,६ जना ५ देखि १० कक्षासम्म पढेका, १२ जना

प्रौढ साक्षरता कक्षा पढेका भए पनि नाम लेख्न र सामान्य वोर्ड र नम्बरहरू छुट्याउन सक्ने भएको पाइयो भने १ जना साक्षरता कक्षा पनि नपढेको पाइयो । पहिला यो दलित बस्ती अन्य ठाउँ भन्दा धेरै पछाडि परेको र अहिले धेरै छिटो परिवर्तन आएको पाइयो । यसरी दलित महिलाहरूमा शिक्षा, जनचेतना, यातायात, सञ्चार साथै विभिन्न तालिमको कारणले उनीहरूको शैक्षिक, सामाजिक, आर्थिक स्थितिमा सुधार आउनुका साथै नेतृत्व र क्षमता विकासमा समेत सहयोग पुऱ्याएको पाइन्छ ।

# विषय सूची


| | | |
|---|---|---|
| सिफारिस पत्र | | i |
| स्वीकृति पत्र | | ii |
| कृतज्ञता ज्ञापन | | iii |
| शोधसार | | v |
| विषय सूची | | vii |
| संक्षेपीकरण | | ह |
| अध्याय एक : परिचय | | १-१० |
| १.१ | अययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको सवलीकरण | ६ |
| १.३ | अध्ययनको उद्देश्य | ८ |
| १.४ | अध्ययनको औचित्य | ८ |
| १.५ | अध्ययनको सीमा | ९ |
| १.६ | अध्ययनको संगठनात्मक ढाँचा | १० |
| अध्याय दुई : सन्दर्भ साहित्यको पुनरावलोकन | | ११-४७ |
| २.१ | सैद्धान्तिक समीक्षा | ११ |
| | २.१.१ लिङ्ग र सामाजिक लिङ्गको अवधारणा | ११ |
| | २.१.२ महिलावादी सिद्धान्तहरू | १२ |
| | २.१.३ मार्क्सवादी सिद्धान्त | १५ |
| | २.१.४ पितृसत्ता | १६ |
| | २.१.५ विश्व व्यवस्था सिद्धान्त | १७ |
| | २.१.६ सामाजिकीकरणको सिद्धान्त | १८ |
| २.२ | व्याबहारिक अनुसन्धानको समीक्षा | २० |
| २.३ | विश्व परिवेशमा महिलावादी आन्दोलन | ३० |
| २.४ | नेपालका सन्दर्भमा नारीवादी आन्दोलन | ३२ |
| २.५ | नेपालको सन्दर्भमा दलित महिला आन्दोलन | ३४ |

| | | |
|---|---|---|
| २.६ | नेपालमा दलित महिलाको अवस्था | ३५ |
| २.७ | पूर्व कार्यको अवलोकन र प्रस्तुत शोधको उपादेयता | ४० |
| २.८ | अवधारणागत खाका | ४३ |
| अध्याय तीन : अनुसन्धान पद्धती | | ४८-५२ |
| ३.१ | अध्ययन क्षेत्र छनोटको औचित्य | ४८ |
| ३.२ | अनुसन्धान ढाँचा | ४९ |
| ३.३ | नमुना छनोट विधि | ४९ |
| ३.४ | तथ्याङ्कको प्रकृति र स्रोतहरू | ५० |
| ३.५ | प्राथमिक तथ्याङ्क संकलन विधि | ५० |
| ३.६ | कार्यक्षेत्रमा भएको सहजता | ५२ |
| ३.७ | अध्ययनको विश्लेषण र प्रस्तुतीकरण | ५२ |
| अध्याय चार : दलित महिलाहरूको अवस्थामा आएको परिवर्तन | | ५३-८४ |
| ४.१. | दलित महिलाहरूको अवस्थामा आएका परिवर्तनहरू | ५३ |
| | ४.१.१ शैक्षिक अवस्थामा आएको परिवर्तन | ५३ |
| | ४.१.२ सामाजिक क्षेत्रमा आएको परिवर्तन | ६० |
| | ४.१.३ व्यावसायमा आएको परिवर्तन | ६१ |
| | ४.१.४ आर्थिक स्तरमा आएको परिवर्तन | ६२ |
| | ४.१.५ नेतृत्वमाआएको परिवर्तन | ६४ |
| | ४.१.६ राजनीतिक नेतृत्वमा आएको परिवर्तन | ६६ |
| | ४.१.७ सामाजिक हैसियतमा आएको परिवर्तन | ६८ |
| | ४.१.८ छुवाछुत सम्बन्धी धारणामा आएको परिवर्तन | ७० |
| | ४.१.९ जनचेतनामा आएको परिवर्तन | ७२ |
| | ४.१.१०क्षमताविकासमा आएको परिवर्तन | ७३ |
| | ४.१.११ बोलीचालीमा आएको परिवर्तन | ७४ |
| | ४.१.१२लवाइ खवाईमा आएको परिवर्तन | ७५ |
| ४.२ | दलित महिलाको अवस्थामा सुधार आउनुका कारणहरू | ७६ |
| | ४.२.१ आर्थिक कारण | ७६ |
| | ४.२.२ शैक्षिक कारण | ७८ |

४.२.३ राजनीतिक कारणहरू ७९
४.२.४ सामाजिक कारणहरू ८०
४.२.५ नीतिगत कारणहरू ८१
४.२.६ सञ्चाारमाध्यमको प्रभाव ८२
४.२.७ सामाजिक संघसंस्थाको प्रभाव ८३

अध्याय पा‘‘च : साराश,निष्कर्ष र सुझाव ८५-८९

५.१ सारांश ८५
५.२ अध्ययनको सारांश प्राप्ती ८७
५.३ निष्कर्ष ८८
५.४ सुझाव ८९

सन्दर्भ ग्रन्थसूची

**अनुसूची - एक : नमुना प्रश्नावली**

**अनुसूची - दुई : मुख्य सूचनादातासंगको अन्तर्वाताका प्रश्नावली**

**अनुसूची - तीन : व्यक्तिगत अध्ययनकर्ताको नामावली**

**अनुसूची - चार : लक्षित समूहका सहभागीको नामावली**

**अनुसूची - पाँच : मुख्य सूचनादाताको नामावली**

**अनुसूची - छ : अध्ययनका क्रममा लिइएका फोटाहरू**

# संक्षेपीकरण

| | | |
|---|---|---|
| आस्क | : | आपसी सहयोग केन्द्र |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| गै.स.सं. | : | गैरसरकारी संस्था |
| जि.वि.स. | : | जिल्ला विकास समिति |
| डि.एन.एफ. | : | दलित गैरसरकारी संस्था महासंघ |
| वि.क. | : | विश्वकर्मा |
| सा.प. | : | सामाजिक परिचालक |
| सन | : | इस्वी सम्वत |
| INGO | : | International Non Government Organization |
| NGO | : | Non Government Organization |
| UNESCO | : | United National Educational Scientfic and Cultural Orgnization. |